नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
स्थानीय राजश्व परिचालन शाखा
सिंहदरवार,काठमाण्डौं

फोन नं.- ०१ ४२००४७४
फ्याक्स नं - ०१ ४२००४७४

पत्र संख्याः राजस्व/२०७३/७४
चलानी नम्वरः ३८

मिति : २०७३।१२।२६

विषय : आवश्यक कारवाही गर्ने सम्वन्धमा ।

श्री वेलौरी, भिमदत्त, भलारीपिपलारी, पुनर्वास , चन्द्रागिरी, गौर, फिदिम, कमलामाई, गोकर्णेश्वर, कुश्मा, लेटाङभोगटेनी, प्युठान, कटारी, त्रियुगा नगरपालिका ।

प्रस्तुत विषयमा CODEX Advertising का कार्यकारी प्रमुख श्री सुभाष शाहले माननिय मन्त्रीज्यूलाई संबोधन गरि मिति २०७३।११।२३ गते कानुन विपरित विचौलिया मार्फत राजस्व छलि सम्वन्धमा कारवही गरीपाँउ भनि निवेदन गरेको सम्बन्धमा निवेदकले उठान गरेका विषयमा के कसो भएको हो ? बाकी व्यहोरा सो निवेदनको प्रतिलिपिबाट अवगत गर्नु भै पछीसम्म बुझ्दा फरक नपर्ने गरी सात दिन भित्र सोको यथार्थ विवरण पठाईदिनु हुन आदेशानुसार अनुरोध छ ।

भीम वहादुर श्रेष्ठ
शाखा अधिकृत

बोधार्थ : श्री सूचना तथा विद्युतीय शाखा, Webpage मा upload का लागि ।

500205347 / VAT / Regd.

Industry Regd. 5504 / 1316

CODEX Advertising

Anamnagar, Kathmandu-32, Nepal

(A house of Advertising and Marketing)

२०१४
११/१५

मिति २३/११/२०७३

मानननीय मन्त्री ज्यु,

संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाडौं

विषय: कानुन विपरित विचौलिया मार्फत राजस्व छलि सम्बन्धिमा कार्यवाही गरि पाउँ भन्ने सम्बन्धमा.

उपरोक्त विषयमा राष्ट्र विकासमा राजस्वको महत्व उल्लेख गरि राख्नु पर्ने शिर्षक नहोला. कर र राजश्वले देश विकास र संचालनमा ठूलो योगदान दिने कुरा सत्य हो. देशको कर तथा राजश्व संकलनमा सबै पक्षहरु मिलेर मदत गर्नुको साटो केहि व्यक्ति/कम्पनिहरुले आफूले तिर्न पर्ने बापतको स्थानीय कर नियमानुसार सम्बन्धित स्थानिय निकाय वा उक्त स्थानीय निकायले कानुन बमोजिम नियुक्त गरेको आधिकारिक सँस्थालाई बुझाउनु पर्ने ठाँउमा त्यसो नगरी व्यक्ति/कम्पनि आफैले <u>तिर्नु पर्ने दाइत्वको कर भन्दा कम कर तिर्न तिराउनको लागि</u> विचौलिया एजेन्सी ठेक्केदार मार्फत घुमाएर कर तिर्ने अभ्यास गरिरहेको व्यहोरा अनुरोध गर्न चाहन्छु. कुनै व्यक्ति/कम्पनीले यसरि कर तिर्ने प्रायोजनको लागि आफ्नै मनखुसीले कोहि कसैलाई नियुक्त गर्न पाउने कानुन कहीं कतै नभएको बरु कर तिर्ने दाइत्व स्वयम् कारदाताको आफ्नै भएको समेत तपाईको जानकारीको लागि अनुरोध छ. विभिन्न व्यक्ति/कम्पनिहरुले सिधै आधिकारीक निकायमा कर दाखिला नगरेर दलाल/एजेन्सी/ठेक्केदार मार्फत कर/राजश्व दाखिला गर्नुको निम्न उदेश्य स्पस्ट देखिन्छ:

१. नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियत राखेको।
२. कम राजस्व तिर्ने वा राजस्व नतिर्ने उद्देश्यले गलत लेखा, विवरण वा कागजात प्रस्तुत गरी वा नगरी प्रचलित कानुनबमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिर्ने वा नबुझाउने वा तिर्नु वा बुझाउनु पर्ने राजस्व भन्दा घटी राजस्व तिर्ने वा बुझाउने ।
३. कुनै व्यक्ति/कम्पनिले अन्य कुनै व्यक्ति/कम्पनिको नामबाट कुनै उद्योग, व्यापार वा व्यवसाय गरी कुनै विदेशी कम्पनी वा संस्थाको एजेन्ट भइ प्रचलित कानुन बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिरी वा नबुझाई राजस्व छल्ने ।
४. राजस्व तिर्नु, बुझाउनु वा दाखिल गर्नु पर्ने कार्यालय वा सो कार्यालयको कर्मचारीको कार्यमा अनधिकार बाधा उत्पन्न गर्ने वा त्यस्तो कार्यालय वा कर्मचारीलाई अनुचित प्रभावमा पारी आफूले तिर्नु बुझाउनु पर्ने राजस्व नतिर्ने वा जति तिर्नु पर्ने हो सो भन्दा कम रकम तिर्ने वा त्यस्तो कुनै कार्य गर्न गराउन प्रयत्न गर्ने ।
५. राजस्व बुझाउनु पर्ने कार्यालयको कर्मचारीसंग मिलोमतो गरी वा नगरी नेपाल सरकारलाई प्रचलित कानुन बमोजिम तिर्नु बुझाउनु पर्ने राजस्व रकममा हेरफेर वा परिवर्तन गर्ने वा राजस्व बुझाएको देखिने गलत लिखत तथा कागजात पेश गर्ने ।
६. राजस्व बुझाउने प्रयोजनको लागि घोषणा गरिनुपर्ने कुनै आय, घरजग्गा, लगानी वा अन्य सम्पत्ति, वा सामानको विवरण घटी वा बढी हुनेगरी अभिलेखाङ्कन गरी हिसाव तयार गर्ने ।

N. 500205347 / VAT / Regd.

Industry Regd. 5504 / 1512

CODEX Advertising

Anamnagar, Kathmandu-32, Nepal

(A house of Advertising and Marketing)

राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा २ मा उल्लेखित परिभाषामा स्थानीय निकाय सम्बन्धि करलाई समेत समेटेको स्पस्ट छ. सोहि ऐनको दफा ४ मा यी सबै कार्य गर्नु वा गर्ने प्रयास मात्र गर्नु भनेको राजश्व चुहावट गरेको कसुर मानिने स्पस्ट व्यवस्था छ. यसरि कर छलि गरि नेपाल सरकारले पाउनु पर्ने राजस्व हडप गर्ने नियत भएको प्रस्ट देखिएकोले स्थानीय कर/राजश्व तिर्ने पर्ने व्यक्ति/कम्पनिहरुले सिधै स्थानीय निकाय वा सो निकायले कानुन बमोजिम नियुक्त गरेको संस्थालाई मात्र कर तिर्ने भनि देशको राजश्व संकलन र विकासमा टेवा पुर्याउनको लागि तहाँ मन्त्रालयले सम्बन्धित सबैको नाममा आवश्यक उर्दी जारि गर्ने एवम् त्यस्तो कार्य गर्ने गराउनेहरु माथि कडा भन्दा कडा कार्यवाही गर्ने को लागि विनम्र निवेदन गर्दछु. साथै, त्यसरी कर तिर्ने विचौलिया भइ विचौलियाले उठाएको रकम समेत सम्बन्धित सबै लाई फिर्ता गर्ने गराउने गरि कार्यवाहीको लागि अनुरोध छ.

धन्यवाद,

.............................................

सुभाष शाह

कार्यकारी प्रमुख